# दमनः पृष्ठभूमि र मोशाको जन्म



## शबाथ दिउँसो

**यस अध्यायको अध्ययनको लागि निम्न पदहरू पढ्नुहोस्:** *प्रस्थान १:१-२२; उत्पत्ति ३७:२६-२८; उत्पत्ति ३९:२, २१; प्रेरित ७:६; गलाती ३:१६, १७;*
*प्रस्थान २:१-२५।*

**याद गर्नुपर्ने पद:** **"धेरै दिन बितेपछि मिश्रका राजा मरे। इस्राएली जातिले दासत्वको कारण सुस्केरा हालेर पुकारा गर्न लागे। दासत्वको बन्धनमा तिनीहरूले गरेको पुकारा परमेश्‍वरकहाँ पुग्यो। परमेश्‍वरले तिनीहरूको सुस्केरा सुन्नुभयो, र अब्राहाम, इसहाक र याकूबसित गर्नुभएको आफ्नो करार सम्झनुभयो। यसैले परमेश्‍वरले इस्राएलीहरूमाथि नजर राख्नुभयो, र उहाँ तिनीहरूको अवस्थामा चिन्तित हुनुभयो"** *(प्रस्थान २:२३-२५)*।

**प्रस्थानको** पुस्तकले ती मानिसहरूका क्रन्दको प्रतिध्वनी गर्दछ। ती मानिसहरूका विवरणले तिनीहरू दमनमा परेका, पिछडिएका, सताइएका, शोषणमा परेका र अत्यन्तै हेपिएका थिए भनेर बताउँछ। आज पनि कति मानिसहरू त्यही परिस्थितिमा गुज्रिरहेको अनुभव गरिरहेका छन्। त्यागिएका, बिर्सिएका र अनेकौँ दासत्वमा रहिरहेका अनुभव संसारका धेरै मानिसहरूले गरिरहेका छन्।

तर तिनीहरूले पनि आशा पाउन सक्छन् भन्ने आशाको किरण प्रस्थानको पुस्तकले प्रकट गर्छ, किनकि जुन परमेश्वरले हिब्रूहरूलाई उद्धार गर्नुभयो, त्यही परमेश्वर आज पनि हुनुहुन्छ।

प्रस्थानको पुस्तकले जीवनको अस्तित्व र चिनारीको निम्ति सङ्ग्राम गरेको बताउँछ। अन्याय, अत्याचार, दमन, दुःख कष्ट र पीडा भोग्नुपर्नु नै यस संसारमा जन्मिनुको तितो सत्य हो। उहाँका कष्ट भोगिरहेका मानिसहरूको पक्षमा परमेश्वरले हस्तक्षेप गर्नुभएका कथाहरूले सबै उत्साहित हुन सक्छन्। दमनमा परेका मानिसहरूका रोदन परमेश्वले सुन्नुहुन्छ। तिनीहरूका सङ्घर्ष उहाँले टुलुटुलु हेरिरहनुहुन्न। तिनीहरूका आँशुहरू उहाँबाट लुकेका छैनन्। तिनीहरूका पीडा र वेदनामा उहाँ सहायता गर्न आउनुहुन्छ।

परमेश्वरलाई विश्वास गर्ने र उहाँमाथि भरोसा राख्नेहरूलाई उद्धार गर्न उहाँले नै पहल गर्नुहुन्छ। उहाँले हामीलाई के प्रदान गर्नुहुन्छ त्यसलाई हामीले विश्वासद्वारा केवल ग्रहण गर्नुपर्छ। त्यसैकारण प्रस्थानको पुस्तक अध्ययन गर्नु अनिवार्य छ। येशूले हाम्रो निम्ति के गर्नुभयो त्यसलाई यही पुस्तकले औँल्याउँछ। यो एक मुक्ति, उद्धार र आखिरी छुटकाराको विषयमा लेखिएको पुस्तक हो–जुन कुरा सबै येशू ख्रीष्ट र उहाँले हामीलाई उपलब्ध गराउनुभएको कुरामा विश्वास गरेर हामी पाउँछौं।

दुःख, कष्ट, आँधीबेहरी र अन्धकारको बिचमा यदि हाम्रा नजर परमेश्वरमा राखिराख्ने खुबी हामीमा भयो भने हामीले पनि उहाँको उपस्थिति, स्याहार र सहयोग पाउन सक्छौं। उहाँले नै हामीलाई "प्रतिज्ञा गरिएको भूमिमा" लान अगुवाइ गर्नुहुन्छ भनेर हामी ढुक्क हुन सक्छौं।

# मिश्र देशमा परमेश्वरका जनहरू

हिब्रू भाषामा प्रस्थानको पुस्तकलाई *शेमोट shemot* भनेर सम्बोधन गर्दछ। नेपालीमा यसको अर्थ “नाउँहरू” हो। प्रस्थानको पौराणिक लिपीको सुरुका शब्दहरूमा त्यो लेखिएको छ। “नाउँ यी नै हुन्” भनेर त्यो पुस्तक सुरु गरिएको छ। पूर्खा याकूबका परिवारहरूका नाउँले यो पुस्तक सुरु गरेको छ।

पढ्नुहोस्: **प्रस्थान १:१-७ पढ्नुहोस्। यसमा के निर्णायक सत्य पाइन्छ?**

________________________________________

________________________________________

परमेश्वरको आशिष्लाई याद दिलाएर प्रस्थानको पुस्तक सुरु गर्दछ। जब पूर्खा याकूब र उनका परिवार मिश्रदेशमा बसोबास गरे, त्यस बेला तिनीहरूको संख्या केवल ७० जना मात्र थियो *(उत्पत्ति ४६:२७; प्रस्थान १:५)*। तर इस्राएलीहरू “इस्राएलका सन्तान फल्दै-फुल्दै र संख्यामा अति धेरै हुँदैगए, यहाँसम्म कि सारा देश तिनीहरूद्वारा भरियो” *(प्रस्थान १:७)*। प्रस्थानको समयमा तिनीहरूको संख्या, “स्त्री र केटाकेटीहरू छोड़ेर करीब छ लाख पैदल हिँड्ने मानिसहरू थिए” *(प्रस्थान १२:३७)*।

पढ्नुहोस्: **प्रस्थान १:८-११ पढ्नुहोस्। प्रस्थानको समयमा इस्राएलीहरूको परिस्थिति कस्तो थियो?**

________________________________________

________________________________________

मिश्र देशमा इस्राएलीहरूको कथा बाइबलले अन्धकार रङ्गमा चित्रण गरेको छ। मिश्रदेशका हाकिमहरूले इस्राएलीहरूलाई दास बनाएको

र तिनीहरूले दमन नीतिहरू तिनीहरूमाथि लगाएर कठोर परिश्रम गर्न लगाएका थिए। तर प्रस्थानको पुस्तक पवित्र वासस्थानमा शान्तिपूर्ण र सान्त्वनादायक परमेश्वरको उपस्थितिले अन्त गर्छ। त्यो वासस्थान वा पवित्र पाल इस्राएलको शिविरको केन्द्रमा रहेको थियो *(प्रस्थान ४०)*। मिश्रदेशको दमन नीति र पवित्र वासस्थानको बिचमा परमेश्वरको विजयी क्रियाकलापहरूलाई वर्णन गरिएको छ। परमेश्वरले उहाँका जनहरूलाई दासत्वबाट स्वतन्त्र गर्नुभएको थियो, लाल समुद्रलाई दुई भागमा विभाजन गर्नुभएको थियो, र त्यस समयको सबभन्दा बहादुर सेनालाई परास्त गर्नुभएको थियो। यसले दुष्टका फौजहरूमाथि परमेश्वरले सानदार विजय पाउनुभएको थियो।

कथाले विरोधाभासपूर्ण वर्णनलाई जोड दिन्छ। जति धेरै दमनकारीहरूले "तिनीहरूलाई सताए उति-उति तिनीहरूको संख्या बढ्न लाग्यो, र तिनीहरू झन्-झन् फैलिँदैगए" *(प्रस्थान १:१२)*। त्यसको अर्थ मानव षड्यन्त्र जतिसुकै दमनकारी र आतङ्ककारी भए तापनि परमेश्वर अझ पनि सार्वभौमिक हुनुहुन्छ र उहाँले आफ्ना जनहरूलाई उद्धार गर्ने। मानव दृष्टिकोणले परिस्थिति अत्यन्तै खराब र निराश भए तापनि परमेश्वरको प्रभुत्व कायमै रहेको हुन्छ।

**नयाँ राजा आए जो योसेफलाई चिन्दैनथे। चाहे असल नै किन नहोस् कुनै पनि परिस्थितिको महत्त्व हामी बिर्सनुहुँदैन भनेर यसले हामीलाई के सिकाउँछ?**

____________________________________________

# ऐतिहासिक पृष्ठभूमि

कनानमा अनिकालको अनुभव पछि *(उत्पत्ति ४६)* जब याकूबका परिवार मिश्रदेशमा आए तब त्यहाँका राजा हिब्रूहरूलाई मित्रपूर्ण व्यवहार गरेका थिए। किनकि योसेफले त्यस देशका जनताहरूको कल्याणको निम्ति खटिएको त्यस राजालाई थाहा थियो।

"अनि फारोले योसेफलाई भने, 'हेर, मैले तिमीलाई सम्पूर्ण मिश्रदेशमाथि अधिकार दिएको छु।' तब फारोले आफ्नो छाप-औँठी आफ्नो औँलाबाट फुकालेर योसेफको औँलामा लगाइदिए, र तिनलाई मलमलको लुगा पहिराइदिए, र तिनको गलामा सुनको सिक्री लगाइदिए। तिनलाई फारोले आफ्नो दोस्रो प्रशासकझैँ रथमा सवारी गराए। मानिसहरू तिनको अगिअगि 'घुँड़ा टेकेर झुक' भनी कराउँदै हिँड़े। यसरी फारोले तिनलाई सम्पूर्ण मिश्रदेशमाथि अधिकार दिए" *(उत्पत्ति ४१:४१-४३)*।

के हो: **योसेफको युवा अवस्था खराबबाट सुरु भएको थियो तर पछि गएर उनी सफल भए। उनी अचम्म तरिकाले सफल हुनुको मुख्य कारण के हो?** *(हेर्नुहोस्, उत्पत्ति ३७:२६-२८ र उत्पत्ति ३९:२, २१)*

______________________________

______________________________

सम्भवत त योसेफको इतिहासको पछिल्लो ऐतिहासिक पृष्ठभूमि यो थियो: प्रस्थान १:८मा भएको उनलाई नचिन्ने नयाँ राजा आह्मोस् (ई.पू. १५८०-१५४६) भएको थियो। त्यसपछि अर्को राजा अमेन्होटेप प्रथम (ई.पू. १५४६-१५३२) थिए। इस्राएलीहरूका संख्या बढेकोले तिनीहरूसित उनी डराएका थिए र तिनीहरूमाथि दमन नीति अपनाएका थिए। त्यसपछि थुटमोस प्रथमले (ई.पू. १५३२-१५१४) हिब्रू छोरा बालकहरू सबैलाई मार्न आदेश दिएका थिए। उनकी छोरी हातशप्सुटले (ई.पू.ल १५०४-१४८२) मोशालाई धर्मपुत्र पालेका थिए। फारो थुटमोस तेस्रो (ई.पू. १५०४-

१४५०) केही समय हातशप्सुटसँग राज गरेका थिए। उनी नै प्रस्थानको पुस्तकमा उल्लेखित राजा थिए।

ईतिहासविदअनुसार प्रस्थान मार्च ई.पू. १४५०मा भएको थियो। (विलियम एच. शिया, "एक्सोडस, डेट अभ द," *इन्टरनेशनल स्टान्डर्ड बाइबल इन्साइक्लोपिडिया*, जिओफ्री डब्ल्यु ब्रोमिली र अरू, ठेली २ [ग्रान्ड रापिडस्, मिशिगन, इरोमानस्,१८९२], पृ. २३०-२३८)। प्रस्थानको समयको बारेमा बुझ्न बाइबलका देहायका अंशहरू पढ्नुहोस्: *उत्पत्ति १५:१३-१६; प्रस्थान १२:४०, ४१; न्यायकर्ता ११:२६;* र *१ राजा ६:१ (प्रेरित ७:६; गलाती ३:१६, १७ पनि पढ्नुहोस्)*।

प्रस्थानको पहिलो अध्यायमा योसेफको समयमा उनको बुबा याकूबको मिश्रदेशमा प्रवेशदेखि राजाले दिएको मृत्युदण्डको आदेशसम्म समेटिएको छ। यो लामो अध्याय छ। ठिक समयावधिको विवरण विवादमै छ तैपनि मुख्य विषयवस्तु यथावत नै छ: विदेशमा दासत्वको जीवन बिताएका आफ्ना जनहरूलाई प्रभुले बिर्सिनुभएको थिएन।

हिब्रूहरूका धेरै विस्तृत विवरणहरू अहिलेको निम्ति लुकेका भए तापनि *(१ कोरिन्थी १३:१२)*, परमेश्वरको चरित्रलाई यस पुस्तकभरि चम्केको हामी पाउँछौं। हुन त सारा बाइबलमा नै उहाँको चरित्रको बारेमा खुलासा गरिएको छ। जतिसुकै खराब परिस्थितिमा हामी गुज्रनुपरे तापनि परमेश्वर जहिले पनि हाम्रो साथमा उपस्थित हुनुहुन्छ र उहाँमाथि हामी भरोसा राख्न सक्छौं भनेर प्रस्थानको पुस्तकले खुलाएको छ।

# हिब्रू सुँडिनीहरू

उत्पत्तिमा लेखिएका शिक्षाहरूलाई नबुझीकन प्रस्थानको पुस्तक बुझ्न सकिँदैन। यहूदीहरू मिश्रदेशमा सरेका थिए। त्यसको केही समय पछि तिनीहरूको ठूलो फलिफाप भयो र शान्ति छाएको थियो। पछि तिनीहरूलाई दासत्वको बन्धनमा राखिएको थियो।

तर परमेश्वरले उहाँका जनहरूलाई तिनीहरूकै समस्यामा त्याग्नुभएन। झट्ट हेर्दा उहाँले बेला-बेलामा तिनीहरूलाई त्याग्नुभएको जस्तो देखिएको थियो। तिनीहरूले भोग्नुपर्ने वेदनाले धेरै हिब्रूहरू निराश भएकोमा हामी अचम्मित हुनुपर्दैन। तिनीहरूको भयावित परिस्थितिमा आफ्नो शक्तिशाली हात पसारेर परमेश्वरले सहयोग गर्न आउनुहुन्छ। अहिले पनि हाम्रो प्रभुले उहाँका भक्तहरूलाई यो वचनले उत्साहित बनाउनुहुन्छ, "सङ्कष्टको दिनमा मलाई पुकार, र म तिमीलाई छुटाउनेछु, र तिमीले मेरो महिमा गर्नेछौ" *(भजनसंग्रह ५०:१५)*।

पढ्नुहोस्: **प्रस्थान १:९-२१ पढ्नुहोस्। बफादारी सुँडिनीहरूले के मुख्य भूमिका खेलेका थिए? बाइबलको इतिहासमा तिनीहरूलाई किन सम्झन्छ?**

________________________________________

________________________________________

कुनै पनि फारोको नाम प्रस्थानको पुस्तकमा उल्लेख गरिएको छैन। केवल फारो वा राजा भनेर मात्र मिश्रदेशका शासकहरूलाई सम्बोधन गरेको थियो। फारो यस पृथ्वीका भगवान हुन् भनेर मिश्रीहरूले विश्वास गर्दथे। रा नामक भगवान (वा ओसाइरस् वा होरस्)को पुत्र भनेर उनलाई चिनिन्थ्यो। रा भगवान मिश्रदेशको सबभन्दा उच्च देवता वा सूर्य भगवान आफै भनेर मानिन्थ्यो।

भगवान भनेर मानिने फारोले सुँडिनीहरूको विवेकलाई उनको शक्तिले परिवर्तन गर्न सकेका थिएनन्। फारोका नाउँ उल्लेख नगरी दुई

सुँडिनीहरूका नाउँ उल्लेख गरिएको छ। तिनीहरूका नाउँ शिप्रा र पूआ *(प्रस्थान १:१५)* हुन्। परमेश्वरप्रति श्रद्धा राख्ने र उहाँको भय मान्ने भएकोले तिनीहरूलाई उच्च सम्मान गरिएको छ। फारोको दुष्ट आदेशले तिनीहरूलाई प्रभाव पारेको थिएन, किनभने तिनीहरूले सांसारिक शासकको आदेशलाई भन्दा परमेश्वरप्रतिको श्रद्धा ठूलो मानेका थिए *(प्रेरित ५:२९)*। परमेश्वरले तिनीहरूलाई धेरै सन्तान दिनुभएर आशिष् दिनुभएको थियो। यो तिनीहरूका बफादारीताप्रतिको शक्तिशाली गवाही थियो। ती मानिसहरूलाई थियोलोजी वा धर्मविज्ञानको बारेमा कमै थाहा भए तापनि तिनीहरूका विवेकले बताएको अनुसार जे ठिक थियो त्यही गरेका थिए।

फारोले आफ्नो षड्यन्त्र असफल भएको देखेपछि हिब्रूको परिवारमा जन्मिने सबै बालकहरूलाई हत्या गर्न मिश्रवासीहरूलाई आदेश दिएको थियो। तिनीहरूलाई नाइल नदीमा फ्याँक्न आदेश दिएका थिए। त्यो नदी हापी देवताको रूपमा मानिन्थ्यो र ती बालकहरू शायद उसलाई बलिको रूपमा मारिएका थिए। त्यो देवता सन्तानेश्वर पनि थियो। (यहूदीहरू यहूदी भएकोले मारिएका लेखा यो पहिलो थियो)। हिब्रूहरूलाई दमन गर्ने त्यो मृत्युको आदेश दिएको थियो। सारा पुरुष वंशलाई मारेर स्त्रीहरू मिश्रीहरूसँग विवाह गरेर त्यस संस्कारमा मिसाउने नियत त्यस आदेशको थियो। यसो गर्दा हिब्रूहरूका संख्याले त्रसित भएर तिनीहरूका अस्तित्वलाई नाश गर्ने र राष्ट्रलाई सुरक्षित राख्ने राजाको लक्ष्य थियो।

**ती धाइहरूले जे ठिक थियो त्यो थाहा भएको मात्र थिएन तर तिनीहरूले त्यसैअनुसार चलेका थिए। हाम्रो निम्ति यसले के प्रभावकारी सन्देश दिन्छ?**

________________________________________

## मोशाको जन्म

**पढ्नुहोस्:** **प्रस्थान २:१-१० पढ्नुहोस्। मोशाको जन्मको कथामा उनलाई सुरक्षित गर्न परमेश्वरको भूमिका के थियो?**

______________________________________________

______________________________________________

मोशाको जन्म र जीवनको ऐतिहासिक पृष्ठभूमि अत्यन्तै रोचक छ। उनी मिश्र देशका प्रख्यात अठारौँ राजवंशको शासनमा थिए। यो राजकीय वंशको एक राजा थुटमोस तेस्रोलाई "मिश्र देशको नेपोलियन" भनेर सम्बोधन गरिन्छ। पौराणिक मिश्रदेशमा अरू धेरै फारोहरूभन्दा उनी अत्यन्तै प्रख्यात थिए।

उनको मृत्यु आदेश जारी गरेको बेलामा मोशाको जन्म भएको थियो *(प्रस्थान १:२२)*। उनी विशेष वा सुन्दर छोरो (हिब्रूमा *टोब tob* अर्थात् "असल"; *प्रस्थान २:२*) भनिन्छ। हिब्रू भाषामा त्यस शब्दले उनको शारीरिक सौन्दर्यतालाई मात्र जनाउँदैन। परमेश्वरले यस पृथ्वी सृष्टि गर्नुभएको सप्ताहमा उहाँको काम वर्णन गर्न यही शब्द प्रयोग गरिएको छ। उहाँले सबै थोक असल र धेरै असल भनेर उच्चारण गर्नुभएको थियो *(उत्पत्ति १:४, १०, ३१)*।

यस असल बालक हुर्कन्दै बढ्दै परमेश्वरको योजनाअनुसार वयस्क वा पाको भएका थिए। उनैले हिब्रूहरूलाई दासत्वबाट छुट्कारा दिएका थिए। अत्यन्तै भिषण परिस्थितिमा जन्मेको त्यस बालकको भविष्य कस्तो हुनेछ भनेर कसले सोच्न सकेको होला? तैपनि अब्राहाम, इसहाक र याकूबलाई कबुल गर्नुभएको वचन परमेश्वरले पूरा गर्नुहुनेथियो। तिनीहरूका वंशलाई प्रतिज्ञा गरिएको देश दिइनेछ भनेर उहाँले तिनीहरूसँग करार गर्नुभएको थियो *(प्रस्थान २:२४, २५)*। तर दशकौँपछि उहाँले यस *असल* बालकलाई त्यस लक्ष्य पूरा गर्न प्रयोग गर्नुहुनेथियो।

त्यो समय नआउञ्जल मिश्रदेशकी राजकुमारी हातशप्सुटले उनलाई धर्मपुत्र बनाएकी थिइन्। मोशाको नाउँको अर्थ पुत्र वा जन्मिएको हो, जुन अर्थ आहमोस (आखको पुत्र) वा थुटमोस (थुटका पुत्र) भन्ने नामहरूमा प्रतिबिम्बित छ। हिब्रू भाषामा उनको नाउँ *मोशेह Mosheh* वा निकालिएको भनिन्छ। उनी अचम्मको तरिकाले नदीबाट निकालिएका थिए र उनको जीवन बचाइएको थियो।

उनको बालककालको जीवनको बारेमा हामीलाई थोरै मात्र थाहा छ। नदीबाट अचम्मको तरिकाले उद्धार गरिएर राजकुमारीले उनलाई धर्मपुत्र बनाएपछि उनलाई उनका परिवारमा १२ वर्षसम्म लालनपालन गरिएको थियो (*प्रस्थान २:७-९*; एलेन जी. ह्वाइट, *पाट्रियार्क्स एण्ड प्रोफेटस्*, पृ. २४४)। त्यसपछि मोशाले मिश्रदेशको उच्चस्तरको शिक्षा हासिल गरेका थिए। उनी मिश्रका अर्को फारो राजा हुन तयार गरिएको थियो (*पाट्रियार्क्स एण्ड प्रोफेटस्*, पृ. २४५)। यो कस्तो रोचक छ, उनका सबै तालिम र राजकीय शिक्षा दीक्षा पछि गएर बेकार भएका थिए। अझ त्यही शिक्षाको विरुद्धमा उनी लागेका थिए। उनको जीवन र हाम्रो जीवनमा पनि परमेश्वर र उहाँको सत्यको ज्ञान मात्रै दिगो ज्ञान हो भनेर हामीले स्वीकार गर्नुपर्छ।

**तपाईंले कतिको शिक्षा दीक्षा हासिल गरिरहनुभएको छ जुन आखिरमा आएर बेकारको हुनेछ?**

# योजनाहरू परिवर्तन हुन्छ

पढ्नुहोस्: **प्रस्थान २:११-२५ पढ्नुहोस्। कुन घटनाले मोशाको जीवनमा आमूल परिवर्तन हुन तुरुन्तै जोस चलेको थियो? यस कथाबाट हामीले के पाठहरू सिक्न सक्छौं?**

____________________________________________

____________________________________________

मोशाले के गर्नेछन्? के उनले मिश्रदेशको दरबारमा पाएका सुखसयल, मोजमज्जा, शक्ति र प्रतिष्ठालाई कायम राख्नेथिए कि उनको सङ्घर्ष गरिरहने जनहरूका निम्ति कठोर जीवन अङ्गाल्नेथिए? जुन घटनाहरू घटे, त्यसले नै उनको भविष्य निर्धारण भएको थियो।

"फारोले यो कुरा [मिश्रीलाई हत्या गरेका कुरा] थाहा भयो र उनले मोशालाई मार्ने विचार गरे। तब मोशा फारोदेखि भागेर मिद्यान देशमा गए र त्यहाँ एउटा कूवानेर बसे" *(प्रस्थान २:१५)*।

मिश्रीलाई मारेपछि मोशाको अरू विकल्प नै थिएन। उनी मिश्र देशमै रहन आफूलाई सुरक्षित ठानेनन्। उनी मिश्रदेशको राजगद्दीमा चढेर भगवान हुने योजना तुरुन्तै परिवर्तन भयो। झुठो भगवान हुनुको सट्टा, मोशाले सत्य परमेश्वरलाई चुनेका थिए। जब मोशा भागे तब त्यस बेला उनको भविष्य के होला भनेर उनले कहिले पनि सोचेका थिएनन्।

"मोशाले मिश्रीलाई मारे भन्ने हल्ला मिश्रीहरूका बिचमा तुरुन्तै फैलिएको थियो। उनले गरेका हत्यालाई अतिरञ्जित गरेर फारोका कानहरूमा पुऱ्याइयो। उनको काम त अति नै भयो भनेर राजालाई सुनाएका थिए। उनले मिश्रीहरूको विरोधमा खडा भएर सरकारलाई ढालेर आफै राजा हुने हल्ला राजाले सुन्नुपरेको थियो। जबसम्म मोशा जिउँछ तबसम्म आफ्नो सिंहासन सुरक्षित नहने भन्ने फारोले निधो गरेका थिए। मोशालाई तुरुन्तै मार्नुपर्छ भनेर उनले आदेश दिएका थिए। तर यो खतराप्रति सजग

भएर उनी अरेबियामा भागेका थिए।"—*पाट्रियार्क्स एण्ड प्रोफेटस्*, पृ. २४७.

मोशा १२० वर्षसम्म बाँचे *(व्यवस्था ३४:७)*। उनको १२० वर्षको जीवनलाई तीन वटा ४० वर्षहरूमा विभाजन गर्न सकिन्छ। उनी प्रथम ४० वर्ष मिश्र देशमा थिए जहा उनी राजाको दरबारमा थिए। अर्को ४० वर्ष यित्रोको मिद्यान इलाकामा थिए।

उनका अन्तिम ४० वर्षले मोशाका पहिलो पाँच पुस्तकहरू भरिएका छन्। यस पुस्तकको अध्ययनको विषयवस्तु पनि त्यही विवरणमा आधारित छ। मूर्तिपूजाको चुचुरोमा पुगेको यस संसारमा इस्राएलीहरूलाई निकालेर ल्याएर सत्य परमेश्वरको स्वभाव र चरित्रलाई प्रकट गर्न आह्वान तिनीहरूलाई गरिएको थियो *(व्यवस्था ४:६-८)*।

**के मिश्रीलाई मोशाले मार्ने परमेश्वरको योजना थियो त? यदि होइन भए तापनि जुन सुकै परिस्थितिमाथि परमेश्वरले आफ्नो प्रभुत्व कायम राख्नुहुन्छ भनेर यस कथाले हामीलाई कसरी सिकाउँछ? रोमी ८:२८ले यो महत्त्वपूर्ण धारणालाई कसरी पुष्टि गर्दछ?**

_______________________________________________

**थप जानकारी:** एलेन जी. ह्वाइटको *पाट्रियार्क्स एण्ड प्रोफेटस्* नामक पुस्तकको पृ. २४१-२५१को "मोजस" भन्ने अध्याय पढ्नुहोस्। यस हप्तामा हामीले अध्ययन गरेका बाइबलका पदहरूको विषयमा त्यसले महत्त्वपर्ण भित्री ज्ञान हामीलाई दिन्छ।

बाइबलले बताउँछ, "सुँड़ेनीहरू परमेश्वरसँग डराउँथे, र मिश्रका राजाले आज्ञा गरेबमोजिम गरेनन्, तर छोराहरूलाई पनि जिउँदै राखे" *(प्रस्थान १:१७)*। सुँडिनीहरूका बफादारीता र मसीहको भविष्यवाणीको बारेमा एलेन जी. ह्वाइटले उपयुक्त भावना व्यक्त गर्नुहुन्छ: "राजाका आदेशलाई पालन गर्ने अवसर सुँडिनीहरूलाई दिएको थियो। हिब्रू बालकहरूलाई जन्मिने वित्तिक्कै हत्या गर्न आदेश दिइएको थियो। यो चालको निम्ति शैतान सक्रिय भएको थियो। इस्राएलीहरूबाट नै उद्धारकर्ताको उदय हुनेछ भनेर उसलाई थाहा थियो। हिब्रू बालकहरूलाई मार्न राजालाई उक्साउनेमा परमेश्वरको लक्ष्यलाई असफल पार्ने उसको चहाना थियो। तर स्त्रीहरूले परमेश्वरप्रति श्रद्धा राख्दथे। राजाको निष्ठुर आदेशलाई पालन गर्न तिनीहरूले आँट गर्न सकेनन्। प्रभुले तिनीहरूका कदमलाई अनुमोदन गर्नुभएको थियो र तिनीहरूलाई फलिफाप गराउनुभएको थियो।"— *पाट्रियार्क्स एण्ड प्रोफेटस्*, पृ. २४२।

शुभ सन्देश त यो थियो कि शैतानको योजनाको बावजुद पनि परमेश्वरको प्रभुत्व कायमै थियो। आफूप्रति बफादार हुनेहरूबाट शत्रुको योजनालाई उहाँले असफल बनाउनुभएको थियो। यस संसारमा शत्रु वा शैतानको क्षेत्रमा छौं। येशूले उसलाई "राजकुमार" वा "यस संसारको शासक" भनेर स्वीकार्नुभएको छ *(एफिसी २:२; यूहन्ना १४:३०)*। आदमको समयदेखि शैतानले विद्रोह गरेको थियो तर येशू आफू क्रूसमा मर्नुभएर शैतानलाई परास्त गर्नुभएको थियो *(मत्ती ४:१-११; यूहन्ना ११:३०; हिब्रू २:१४)*। शैतान अहिले पनि जीवितै छ र सक्रिय छ। उसले ती बालकहरूको हत्याले आफ्नै मृत्युलाई निम्त्याएको थियो *(यूहन्ना १२:३१; यूहन्ना १६:११; प्रकाश २०:९, १०, १४)*। शुभ समाचार त यो छ कि जीवनका कठिन परिस्थितिहरू परमेश्वरको अनुग्रहले पार गर्न सकिन्छ *(फिलिप्पी ४:१३)*। हाम्रो मात्र आशा त्यो अनुग्रह हो।

## छलफलको लागि प्रश्नहरू:

१. हिब्रूहरू मिश्रदेशमा परमेश्वरले किन रहन दिनुभयो र किन तिनीहरूलाई दबाउन दिनुभयो? तिनीहरूका निम्ति हस्तक्षेप गर्न किन लामो समय लिनुभयो? यो पनि थाहा पाउनुहोस् कि प्रत्येक व्यक्ति बाँचुञ्जेलसम्म मात्र दुःख पाएका थिए। राष्ट्रमा कष्टको समय लामो थियो तर त्यति लामो समय कोही पनि बाँचेको थिएन। यो धारणाले मानव कष्टलाई बुझ्न किन महत्त्वपूर्ण छ?

२. मिश्रीलाई मार्ने मोशाको रिसपूर्ण कार्यलाई परमेश्वरले आफ्नो योजनालाई कार्यन्वयन गर्न कसरी प्रयोग गर्नुभएको थियो? यदि उनले मिश्रीलाई मारेन भने के हुनेथियो? त्यसको अर्थ हिब्रूहरूलाई छुटकरा पाउने थिएन र? चर्चा गर्नुहोस्।

## खाजाको लागि मुसा छैन

*लेखक:* एन्ड्रूयु मेक्चेस्नी

दक्षिणी जाम्बियाको पहाडी गाउँमा पहाडमा खनेर मुसा खोज्न पिटरलाई रमाइलो लाग्थ्यो। पिटर र उसको परिवारले खानाको समयमा मकैको ढिँडोसँग मुसा खान्थे। उनीहरूले सुँगुर र बबल नामक माछा पनि खान मन पराउँथे। क्रिसमसमा सुँगुरको मासु सधैँ टेबलमा हुन्थ्यो। त्यसको हाड विहीन मासुको लागि बबल माछा लोकप्रिय थियो।

त्यसैले, जब पिटरले उनको मनपर्ने मासु बाइबलले निषेध गरेको थाहा पाए तब उनलाई अचम्म लाग्यो।

जब उनी संयुक्त राज्य अमेरिकाका सेभेन्थ-डे एड्भेन्टिष्ट मिसनरीहरूद्वारा सञ्चालित फार्ममा काम गरिरहेका दाजुलाई भेट्न लगभग ३२ किलोमिटर यात्रा गरे, तब उनले पहिलो पटक अशुद्ध खानाको बारेमा सुने। उनी शबाथमा सेवाहरूमा सरिक भए, र प्रचारकले लेवी ११को शुद्ध र अशुद्ध जनावरहरूको बारेमा प्रचार गरेका थिए।

उनी र उनको परिवारले जे खान्थे त्यो बाइबलको शिक्षासँग मेल नखाएको पिटरले महसुस गरे। केही समयपछि, मिसनरीहरूले पिटरको प्राथमिक विद्यालयमा शबाथ दिउँसो आराधना सेवाहरू सञ्चालन गर्न थाले। स्कूल पुग्न ३.२ किलोमिटर हिँड्नुपरे तापनि पिटरले शबाथको सङ्गतिमा उपस्थित हुन्थे।

तर उनका आमाबाबुले उनलाई चर्च जानबाट निरुत्साहित गरे, र उनी सानै हुँदा बप्तिस्मा लिएको सम्झाए। बुबाले उनलाई शनिबार परिवारको खेतबारीमा काम गर्न पनि कर लगाए। पिटरलाई शबाथ पालनाको बारेमा केही थाहा थिएन, त्यसकारण उनी बिहान छिटो आफ्नो काम गर्थे ताकि उनी दिउँसोको शबाथको कार्यक्रममा जान सक्थे।

हाई स्कूलमा पढ्दा पिटरले एड्भेन्टिष्ट परिवारहरूबाट आएका विद्यार्थीहरूलाई नयाँ साथी बनाए। उनले तिनीहरूसँग बाइबल अध्ययन गरे, पानीमा डुबेर बप्तिस्मा लिए, र उनले आफ्नो हृदय येशूलाई दिए। उनले मुसा, सुँगुर र बबल माछा खान छोडे।

समय बित्दैजाँदा उनको उदाहरणले गर्दा उसका आमाबाबुले पनि सातौँ दिनको शबाथलाई कदर गर्न थाले। अशुद्ध मासु किन खानुहुँदैन भनेर तिनीहरूले बुझ्न थाले। पिटर घरमा भएको बेलामा तिनीहरूले उसलाई शबाथमा चर्च जान ढिलो नगर्नू भनेर हौसला दिए।

आज, पिटरको शहरमा एउटा एड्भेन्टिष्ट चर्च छ। एड्भेन्टिष्टहरूका प्रभावका कारणले त्यस सहरमा बस्ने धेरैले अशुद्ध खाना खान छोडेका छन्।

बाल्यकालमा स्वस्थ जीवन बिताउने र आफ्नो आहारद्वारा परमेश्वरको महिमा गर्ने महत्त्वका बारेमा पिटरले सिकेकोमा आभारित छ। १ कोरिन्थी १०:३१ले हामीलाई यो बताउँछ, “त्यसैले, चाहे तिमीहरू खाओ वा पिओ, वा जेसुकै गर, सबै परमेश्वरको महिमाको लागि गर।”

“मलाई अशुद्ध खानाबाट बचाउनुभएकोमा येशूलाई धन्यवाद दिन्छु,” जाम्बियाको सेभेन्थ-डे एड्भेन्टिष्ट हाई स्कूल, रुसाङ्गु माध्यमिक विद्यालयमा सामाजिक विज्ञान विभागका प्रमुख र चर्चका एल्डर पिटर सियामिकोबोले यस संवाददातालाई सुनाए।

---

*यस त्रैमासिकको तेह्रौँ शबाथ भेटी पाउने जाम्बिया र दक्षिणी अफ्रिका-हिन्द महासागर डिभिजनका अन्य देशहरूमा सुसमाचार घोषणा होस् भनेर प्रार्थना गर्नुहोस्।*